# राष्ट्रिय वाणिज्य वैंक लिमिटेडमा आस्वा (ASBA)

धितोपत्रमा लगानी गर्न चाहने सर्वसाधारण लगानीकर्ताको सुविधाको लागि वैंकका खातावाल ग्राहकहरुलाई कम्प्युटर प्रविधिमा आधारित एवं धितोपत्र वोर्ड नेपाल (SEBON) ले निर्धारण गरे वमोजिमको प्रणाली मार्फत वैंकका विभिन्न शाखाहरुवाट शेयर खरिदको लागि दरखास्त दिने सुविधा प्रदान गर्न आवश्यक भएकोले धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्वन्धी निर्देशिका, २०७३ (दोश्रो संशोधन) मा आधारित रही राष्ट्रिय वाणिज्य वैंकले आफ्ना सवै शाखा कार्यालयहरु मार्फत निशुल्क रुपमा आस्वा (ASBA) संचालनमा ल्याएको छ ।

**आस्वा (ASBA) के हो ?**

सार्वजनिक कम्पनीहरुको शेयर निष्कासनमा वैंकहरु सहभागी भई वैंकका निक्षेप खातावाल ग्राहकले दिएको शेयर दरखास्तको आधारमा निजले लिन चाहेको कम्पनीको प्राथमिक शेयरको मूल्य वापतको रकम वैंक खातामा रोक्का गरि राख्ने, शेयर वांडफांडमा परे वरावरको रकम कट्टा गरी शेयर निष्कासकलाई पठाउने र शेयर नपरेको रकम ग्राहकको खातामा फुकुवा गरि दिने प्रणालीलाई आस्वा अर्थात Application Supported by Blocked Amount (ASBA) भनिन्छ । यो प्रणाली कम्प्युटर सिष्टममा आधारित रहेको हुन्छ । तोकिएको ढांचामा ग्राहकले पेश गरेको दरखास्त फाराम प्राप्त भएपछि वैंकले आवश्यक शुल्क लिई सम्वन्धीत खातामा शेयर वापतको रकम ब्लक गरी शेयर दरखास्त बुझेको निस्सा ग्राहकलाई प्रदान गरिनेछ । सम्वन्धीत निक्षेप सदस्य (DP) मार्फत सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडवाट विकसित मेरो शेयर नामको Application को User लिएका लगानीकर्ताहरुले अनलाइन मार्फत आफ्नै घर/अफिसवाट शेयर दरखास्त दिन सक्ने छन् ।

**आस्वा कारोवारको लागि आवश्यक शर्तहरुः**

- राष्ट्रिय वाणिज्य वैंकको कुनै पनि शाखा कार्यालयमा चल्ती/वचत वा कल खाता हुनु पर्ने ।
- खातावालाको ग्राहक पहिचान विवरण (KYC) अद्यावधिक भएको हुनु पर्ने ।
- रा.वा.वैंकको कुनै शाखामा रितपूर्वकको दरखास्त दिइ Client Registration Number (CRN) लिएको हुनु पर्ने ।
- दरखास्त दिने शेयर संख्या वापतको रकम र सेवा शुल्क वापतको रकम खातामा मौज्दात हुनु पर्ने ।
- कुनै निकायवाट खाता रोक्का नगरिएको हुनु पर्ने ।
- कुनै एक निक्षेप सदस्य (DP) मा Dmat खाता खोलिएको हुनु पर्ने ।
- वैंकखाता र Dmat खातामा नागरिकता नंवर लगायतका विवरण फरक नपरेको हुनु पर्ने ।
-

**दरखास्त फाराम :** दरखास्त फाराम वैंकको वेभसाइटवाट डाउनलोड गर्न सकिनेछ । आस्वा मार्फत धितोपत्रको लागि दरखास्त दिन तोकिएको दरखास्त फाराम भरी नजिकको शाखा कार्यालयमा बुझाउन सकिनेछ । यस वैंक वाहेक अन्य वैंकको खाता खर्च हुने गरी दरखास्त स्विकार हुने छैन । एउटा खातावाट एक कम्पनीको लागि एउटा मात्र दरखास्त दिन सकिनेछ । एक भन्दा वढी दरखास्त प्राप्त भएमा दरखास्त रद्ध हुनेछ ।

**दरखास्त रद्ध :** एउटै कम्पनीको धितोपत्रको लागि एक भन्दा वढी दरखास्त दिएको प्रमाणित भएमा, दरखास्त फाराम र डिम्याट खाताको विवरणमा नागरिकता नंवर वा नाम फरक परेमा अथवा अन्य कारणले विक्रि प्रवन्धकवाट दरखास्त रद्ध हुन सक्नेछ । कुनै कारणवश दरखास्तवालाको खाता अधिकार प्राप्त निकायवाट रोक्का गर्ने निर्देशन प्राप्त भएको अवस्थामा दरखास्त रद्ध हुनेछ ।

**दरखास्त दस्तुर : रा.वा.वैंकवाट** आस्वा मार्फत धितोपत्रको लागि दरखास्त दिन हाललाई निशुल्क गरिएकोछ ।

**आस्वा कारोवार गर्ने शाखा कार्यालयहरु :** आस्वाको कारोवार राष्ट्रिय वाणिज्य वैंक लि.का सवै शाखा कार्यालयहरुवाट हुनेछ ।

**सम्पर्क व्यक्ति :** आस्वा प्रयोजनको लागि प्रत्येक शाखा कार्यालयमा सम्पर्क व्यक्ति तोकिएको छ । सम्पर्क व्यक्तिको नाम र मोवाइल नंवर सम्वन्धमा यस वैंकको वेभ साइट www.rbb.com.np वाट जानकारी पाउन सकिनेछ ।